# यो संसार के हुन लागिरहेछ ?



यो पुस्तक तपाईंले पढिसक्नुभएपछि कृपया अरुलाई पनि पढ्न दिनुहोस् !

# यो संसार के हुन लागिरहेछ ?

*Yo Sansar Ke Hunah Lagirahechha ?*

**WHAT'S THE WORLD COMING TO ?**

**NEPALI**

प्रथम संस्करण : मंसिर २०५८ (नोभेम्बर २००१)
पुनर्मुद्रण : असोज २०५९ (अक्टोबर २००२)
पुनर्मुद्रण : कार्तिक २०६१ (नोभेम्बर २००४)
पुनर्मुद्रण : साउन २०६४ (अगस्ट २००७)

यो पुस्तक बिक्रीको लागि होइन ।

स्वेच्छा भेटी पठाइदिनुभए यस्ता पुस्तिकाहरु अझ बढीमात्रामा छाप्न सहायता पुग्नेछ ।

©सर्वाधिकार प्रकाशकमा सुरक्षित

प्रकाशक
**MaRC NEPAL**
GPO Box 8975 EPC 806
Kathmandu
Nepal
email: marcnepal@yahoo.com

# यो संसार के हुन लागिरहेछ ?




शायद तपाईंले यो प्रश्न धेरैचोटि सोध्नु'भो होला । हरेकले यी दिनहरूमा यस्तै प्रश्न सोध्ने गर्छन् । यस प्रश्नले तपाईंलाई चैन दिने छैन । दैनिक समाचारपत्र हेर्नुहोस् - संसार उश्रृंखलताले भरिएको छ। रेडियो अथवा टेलिभिजन खोल्नुहोस् त्यहाँ चिन्ता र व्यग्रता देखिन्छ !

विश्व घटनाहरू र परिस्थितिहरूबारे साधारण मानिसहरू मात्र चिन्तित देखिन्नन् । तर केही राजनैतिक नेताहरू यसबारे अत्यन्तै हतोत्साहित देखिन्छन्, किनकि समाधान हुनै नसक्ने समस्याहरू सारा विश्वमा बढ़दै गइरहेछ ।

वैज्ञानिकहरू भयभीत छन्, कृषकहरू निराश छन्, अर्थशास्त्रीहरू तथा परिवेशशास्त्रीहरू पनि प्रलयको दिनको नित्य भविष्यवाणी गरिरहेका छन् । हामीसित मुद्रास्फीति, मौद्रिक समस्या, खाध्य समस्या, प्रदूषण संकट, अपराध वृद्धि, लागूऔषध दुर्व्यसन (drug addiction), युद्ध सामग्रीहरूको निर्माण, मध्य-पूर्वमा लगातार युद्ध जारी, विश्वको अधिकांश भागमा युद्धहरूको प्रस्तुतिकरण तथा कुनै पनि समयमा घट्नसक्ने विश्वव्यापी आणविक विपत्ति (worldwide nuclear disaster)-को वर्तमान खतरा रहेको छ। यस संसारमा वैचारिक विवाद, नैतिक-पतन लगायत निरन्तर हुलदङ्गा मच्चाउने जस्ता प्रयास भइरहेका छन्; जसले विकृति, अश्लीलता र हत्या जस्ता कुतत्वलाई न्यायसंगत ठहऱ्याउँछ ।

यो एकदमै उचित प्रश्न हो - **यो संसार के हुन लागिरहेछ** ? अधिकांश मानिसहरू यही प्रश्न सोध्ने गर्छन् तर उत्तरको भने आशा राख्दैनन् । यसको उत्तर छ ! त्यो उत्तरचाहिँ आफ्नो अड्कल वा आफूले गरेको भविष्यवाणी जस्तो होइन तर पवित्रशास्त्र बाइबलमा (परमेश्वरले दिनुभएको

भविष्यवाणीमा) यसको उत्तर दिइएको छ ।



जेहोस्, धेरैजसोले यो संसार के हुन लागिरहेछ भन्ने प्रश्न सुने तापनि यसको यथार्थलाई भने कदर नगर्लान्, यहाँसम्म कि भविष्यमा घट्ने घटनाहरू पनि नजानेकै वेश भन्ठालान् । तर सत्यतालाई जान्नु र प्रभुमा तयार हुनु अत्यावश्यक छ - यो विषय **जीवन र मृत्यु**को हो ।

साँच्चै भन्नु हो भने, संसारको न्याय हुन लागिरहेछ । सृष्टिकर्ताले संसारलाई छोड्नुभएको छैन । उहाँले विश्व शासकको रूपमा आफ्नो स्थान त्याग्नुभएको छैन; यद्धपि यी दिनहरूमा संसारका डरलाग्दा अवस्थाहरुलाई परमेश्वरद्वारा छूट दिइएको छ । उहाँले सधैंभरि संसारको दुष्टता सहिरहनुहुन्न । उहाँले चाँड़ै विश्वको न्याय गर्न सीधै यो संसाररूपी रङ्गमञ्चमा पाइला टेक्नुहुनेछ । तर मानिसले कदर गर्न नजानेको विषय एउटै छ - त्यो हो न्याय ! परमेश्वरले संसारलाई न्याय गर्नुहुन्छ भन्ने सम्भावनाप्रति धेरैले ठट्टा गर्छन् । थोरैले यसलाई इन्कार गर्छन्, अनि धेरैले चाहिँ यस विषयमा सुन्न पनि चाहँदैनन् । उनीहरू तर्क गर्छन्, "यदि न्याय हुन्छ भने हामी सामना गर्नेछौं ।"

निश्चय नै यो एउटा सुखद विषयचाहिँ होइन तर **विश्वव्यापी न्याय** जस्तो यो अनिवार्य छ । यसलाई हामीले सामना गर्ने मात्र होइन तर यसबाट **मुक्ति** पनि पाउनुपर्छ । प्राचीनकालमा सर्वशक्तिमान् परमेश्वरले धेरैचोटि मानिस जाति र राष्ट्रहरूको न्याय गर्नुभयो । जस्तै उहाँले वृहत् जलप्रलयद्वारा संसारलाई नाश गर्नुभयो; सदोम र गमोराको शहरहरूलाई आगो र गन्धकले न्याय गर्नुभयो; अनि मिश्री सेनाहरूलाई लाल समुद्रमा डुबाउनुभयो । परमेश्वरले विद्रोही यरुशलेम शहरको पनि न्याय गर्नुभयो । साँच्चै, यो शहरलाई कसरी वेबिलोनद्वारा ध्वंश गरिएको थियो ! परमेश्वरले बेबिलोनका राजा नबूकदनेस्सर, मादी राजा दारा अनि मेसिडोनियाका राजा अलेकज्याण्डरलाई न्याय गर्नुभयो;

अनि पछिबाट रोमी साम्राज्यको न्याय गर्नुभयो। बीसौं शताब्दीमा परमेश्वरले एडल्फ हिटलर र सोभियत संघको पनि न्याय गर्नुभयो।

यसकारण यस्ता आधुनिक, व्यभिचारी, मूर्तिपूजन युग, भोग-विलासी, दुर्मुखी, उपद्रवी अनि ईश्वररहित वंश भएको संसारलाई परमेश्वरले फेरि एकचोटि शुद्ध (purge) पार्नु किन यी असम्भव कुराहरू सोच्नुपरचो ?

हामीले सृष्टिकर्तालाई त्यागिदिएको कुरोप्रति हाम्रै समाचारपत्रहरूले तीव्र आवाज उठाएका छन्, साथै हाम्रो समाजभित्र हामी उहाँसित नगण्य सम्बन्ध चाहन्छौं। हाम्रो जीवनमा परमेश्वरले हस्तक्षेप गरिरहेको वा हुकुमी शासन चलाइरहेको हामी चाहन्नौं। हामीले परमेश्वरमाथि शासन चलाएका छौं, अनि उहाँलाई घरको आलमारीमा थन्काइदिएका छौं। अझ हामी भन्ने गर्छौं, यी दिनहरूमा हामीलाई परमेश्वर चाहिँदैन। हामीहरू अत्यन्त विकसित छौं, हाम्रा राष्ट्रहरू उच्च तकनिकीयुक्त छन्; साथै हामीहरु द्रूतगतिले प्रगति गरिरहेका छौं। यद्धपि परमेश्वरले यस संसारको **शुरूआत**मा केही न केही त गर्नु नै भएथ्योहोला भन्ने कुरामा हामी सहमत छौं, तर यो संसारको **अन्त**मा पनि उहाँले केही त गर्नु नै हुन्छ होला भन्ने कुरामा चाहिँ हामी विश्वास गर्न सक्दैनौं।

हाम्रो ज्ञान बढ़ेको छ। हामी हाम्रा वरिपरि भएका वातावरणलाई नियन्त्रण गर्न, आफ्ना स्तरहरू निर्धारण गर्न र आफ्ना काम-व्यवहारहरू सञ्चालन गर्न पूर्णतया सक्षम छौं। के गर्नुपर्ने सो कुरा बताउन हामीलाई पवित्र परमेश्वरको आवश्यकता नै पर्दैन ! न त **परमेश्वरको वचन** दाबी गर्ने पवित्र पुस्तकद्वारा प्रभावित हुने हाम्रो विचार छ।



यसकारण हामीले यो संसार जस्तो छ त्यस्तै बनायौं, साथै भयानक आविष्कारहरूको वृद्धि गरचौं। हामी भन्छौं, "हरेक मानिस ऊ आफ्नै लागि हो।" यसैले हाम्रा मनहरू

गरीबका लागि संकुचित छन् । हाम्रो सोचाईमा "सम्पूर्ण शक्तिले आफैलाई प्रेम गर, जतिसक्दो सबै कुरा प्राप्त गर, सबथोकको मज्जा लेऊ र आफ्नो छिमेकीचाहिँ नरकमा जाओस् ।"

परमेश्वरले पवित्रशास्त्र बाइबलको इजकिएल ९:४ मा के भन्नुभएको छ, सुन्नुहोस्:

> "अनि परमप्रभु (यवे)-ले उसलाई भन्नुभयो, शहरको बीचबाट र यरूशलेमको बीचबाट भएर जाऊ; अनि जो-जो मानिस त्यसका बीचमा गरिएका सबै घीनलाग्दा कामहरूका कारणले सुस्केरा हाल्छन्, र विलाप गर्छन्, तिनीहरूका निधारमा चिनो लगाऊ ।"

मेरा पाठकहरूमध्ये कतिजना आ-आफ्ना देशभित्र घटेका घृणित कामहरूदेखि शोकित भएका छन् ? के परमेश्वरले आफ्नो चिन्ह तपाईंमाथि लगाउन सक्नुहुन्छ ? अथवा हाम्रा वरिपरि भइरहेका घृणित कुराहरूसित के तपाईं अत्यन्तै घनिष्ठ हुनुभएको छ, के यसले तपाईंलाई चिर आघात पुरचाउँदैन र ? हामीहरूमध्ये कतिजनाको आत्माहरू रातदिनको हिंसा, अपराध, व्यभिचार, विवाह-विच्छेद, गर्भपात, अश्लीलता अनि विकृतिको कारणले उत्पीड़ित छन् - यस्तो दुष्टताको दुर्गन्ध सबै राष्ट्रहरूमा फैलिएको छ, यहाँसम्म कि यो दुर्गन्ध सर्वशक्तिमान् परमेश्वरको नाकसम्म पुगेको छ ?

कहिलेसम्म परमेश्वरले न्यायलाई रोकिराख्न सक्नुहुन्छ ? उहाँले अझै यसलाई थामिराख्नुभएको छ । किनभने परमेश्वर धीरजी र दयालु हुनुहुन्छ; कोही नाश भएको उहाँ चाहनुहुन्न । तर परमेश्वरले सधैंभरि मान्छेसित विवाद गरिरहनुहुन्न । साँच्चै नै न्यायको दिन आइरहेछ !

## परमेश्वरले संसारको न्याय कसरी गर्नुहुनेछ ?

पवित्रशास्त्र बाइबलका दर्जनौं स्थानहरूमा यसबारे भविष्यवाणी गरिएको छ ... यसलाई महा संकटकाल (Great Tribulation) भनिन्छ ।

बाइबलमा यसलाई निष्पट अन्धकारमय दिनको रूपमा उल्लेख गरिएको छ। भविष्यवक्ता मलाकी भन्नुहुन्छ, त्यो आउने दिनमा संसार जलेर भस्म हुनेछ। त्यो **"यवेको दिन"** हो।



*"यवे" (Yahweh) नै सर्वशक्तिमान् परमेश्‍वरको नाम हो। यो हिब्रू अक्षरहरू वाइ. एच. डब्ल्यु. एच. (YHWH)-बाट आएको हो; धेरैजसो बाइबलहरूमा यसलाई यहोवा (LORD)-को रूपमा लेखिएको छ।*

बाइबलको प्रकाशितवाक्यको पुस्तकले यवेको दिनलाई विस्तृतरूपले चर्चा गरेको छ, अनि यसलाई **सर्वशक्तिमान् परमेश्‍वरको क्रोधको महादिन** भनिन्छ।

यो एउटा न्याय हो जो सातवर्षसम्म टिक्नेछ। यो न्याय थोरै मानिसले कल्पना गरेजस्तो केवल क्षणभरको कष्ट वा सतावट मात्र हुनेछैन। प्रभु येशू भन्नुहुन्छ, "त्यसबेला यस्तो **महा संकटकाल** हुनेछ, जो पृथ्वीको शुरूदेखि अहिलेसम्म भएकै थिएन, न ता फेरि कहिल्यै हुनेछ।" यो संकटकाल बितेका कुनै पनि युगभन्दा अझ झन खत्तम हुनेछ, यसले सारा संसारलाई निल्नेछ। त्यतिबेला केवल एउटा सिङ्गो देश मात्र होइन तर समुद्रको सुदूर टापूसमेत उम्कन पाउने छैन। क्रमअनुसार हरेक राष्ट्र, हरेक समुदाय र हरेक व्यक्तिको परमेश्‍वरको क्रोधद्वारा न्याय हुनेछ।


परमेश्‍वरको वचनको आधारमा म तपाईंलाई भन्दछु, यो सातवर्षको संकटकाल बितेका कुनै पनि असभ्य युगभन्दा अझ डरलाग्दो हुनेछ - यहाँसम्म कि प्राचीन मिश्र देशको दासत्व; प्राचीन अश्शूर र रोमीहरूको क्रूरता; एडल्फ हिटलरको तानाशाही; दोस्रो विश्‍वयुद्धको नरसंहार तथा नूहको पालाको जलप्रलयभन्दा पनि अझ झन खत्तम हुनेछ। तर अन्तमा महा संकटकालको परिणामचाहिँ एउटै हुनेछ, त्यो हो - यस संसारमा भएका दुष्टहरूलाई हटाउनु र संसारलाई शुद्ध पार्नु।

प्राकृतिक विपत्तिहरूद्वारा संकट-कालको विशेषता झल्किनेछ । यी विपत्तिहरू यति वृहत् हुनेछन् कि, मानिसहरूले यसलाई परमेश्वरका काम हुन् भनी बुझ्नेछन् - जस्तै **भूँइचालो, खड्‌ेरी, महामारी, रोग-व्याधी** र **विशाल आँधी-बेह्री** । अहिले



हामीहरूले यसप्रकारको विपत्तिहरू भोगिरहेका छौं । तर यहाँ हामी के देख्छौं भने - आउन लागेको विपत्तिहरूको सामु यो त केवल एउटा पूर्वानुभव (foretaste) मात्र हो । यस्ता आउन लागेका दुःखद घटनाहरू परमेश्वरको न्यायको एउटा अङ्ग हुनेछ ।

## तेस्रो विश्वयुद्ध



त्यसबेला परमेश्वरले दुष्ट मानिसलाई न्यायको हतियार हुन अनुमति दिनुहुनेछ । यो तेस्रो **विश्वयुद्धले संसारलाई सखाप पार्नेछ** । वास्तवमा, आउन लागेको संकटकालको निम्ति नै विश्वयुद्धको भविष्यवाणी गरिएको हो, साथै यी भविष्यवाणीहरूका केही खण्डहरूले आणविक अस्त्र-शस्त्रहरू (nuclear weapons) प्रयोग हुनेछ भनी सुझाव दिएको छ । हाम्रा आइ.सी.बी.एम. र एम.आइ.आर.भी. जस्ता क्षेप्यास्त्रहरू साथै भयानक जैविक हतियारहरू (bio-chemical weapons) पनि प्रयोगमा आउन सक्छन्, जसले पृथ्वीको धेरै भागहरूलाई विषाक्त बनाउन सक्दछ ।

तर सर्वशक्तिमान् परमेश्वरको संयमी हातलाई धन्यवाद छ, किनकि सारा संसार नाश हुनेछैन । येशूआ मसीह (येशू ख्रीष्ट)-ले त्यो संकटकालको अवधि घटाइनेछ भन्ने संकेत दिनुभएको छ - यदि त्यो अवधि छोटो

नपारिँदो हो त, त्यहाँ एउटै व्यक्ति पनि जिउँदो छोड़िने थिएन ।

*येशूको मूल हिब्रू नाम य'शूआ (Y'shua) हो। "य" (Y) नै "ये" (Yah) हो, परमेश्वरको नामको छोटो रूप यवे (Yahweh) हो। प्रायःजसो य'शूआलाई येशूआ भनी हिज्जे गरिन्छ।*



विश्वयुद्धपछि **अनिकाल** र **रोगले** संसारलाई सखाप पार्नेछ, विश्व जनसंख्याको एक चौथाई नाश हुनेछन् - यसको मतलब कमसे कम एक अरब (१,०००,०००,०००=१०९) मानिसहरू । त्यसबेला खानेकुराहरूको असाध्यै अभाव हुनेछ, यशैया ९:२० को भविष्यवाणीअनुसार मानिसहरूले आफ्नै पाखुराको मासु खानेछन् । **जंगली जनावरहरू** आहारका लागि मानिसहरूमाथि जाइलाग्नेछन् । अहिले भइराखेको अपराध, हिंसा, करणी (rape) र लागूऔषध दुर्व्यसन झन त्यसबेला अझ भयानक हुनेछ ।

## ब्रम्हाण्डमा हलचल



भविष्यवाणीहरूले चेताउनी दिदँछन् - नदीहरू र समुद्रहरू विषाक्त हुनेछन्, फलस्वरूप लाखौं मानिसहरूको मृत्यु हुनेछन् । यो **विश्वव्यापी हलचलले** विश्वलाई नै असर पार्नेछ - त्यसबेला ताराहरू पृथ्वीमा खस्नेछन् । यो उल्कापिण्ड (meteor)-हरूलाई संकेत गरेको हुनसक्छ अथवा पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्ने आणविक अस्त्र-शस्त्रहरू पनि हुनसक्ला । भविष्यवक्ता योएलले चेताउनी दिँदछ, आकाशमा र पृथ्वीमाथि अचम्भका कामहरू हुनेछन्, अर्थात् रगत, आगो र धूवाँका खम्बाहरू । त्यस समय घामचाहिँ अँध्यारोमा र जूनचाहिँ रगतमा परिवर्तन हुनेछ । प्रकाशितवाक्यको पुस्तकले पनि भन्दछ, घामले पृथ्वीलाई उखरमाउलो तापले रन्काउनेछ, तब पृथ्वीका मानिसहरू

घिनलाग्दो सहिनसक्ने घाउ-खटिराहरूले भरिनेछन् ।



यी विपत्तिहरू परमेश्वरले पृथ्वीमा खन्याउनु हुने महामारीहरूको एक अंशमात्र हुन् । मानिसहरूले परमेश्वरको निन्दा गर्नेछन्, तर पश्चाताप गर्ने छैनन् । धेरैजनाले आत्महत्या गर्नेछन् । प्रकाशितवाक्य ६:१२-१७ को भविष्यवाणीबाट यी भयानक पदहरू पढ्नुहोस्:

"अनि जब उहाँले छैठौं छाप खोल्नुभयो, तब मैले हेरें, अनि हेर - एउटा ठूलो भूईंचालो भयो; अनि घामचाहिँ केशको भाङ्ग्रे लुगाझैं कालो भयो, र जूनचाहिँ रगतजस्तो भयो; अनि जसरी नेभाराको रूखले ठूलो हुरीद्वारा हल्लाइँदा आफ्ना नपाकेका नेभाराहरू झारिदिन्छ, उसरी नै आकाशका ताराहरू पृथ्वीमाथि खसे । अनि पुस्तकको मुठा बेरिएझैं आकाश हटेर गयो; अनि हरेक पहाड़ र टापू आफ्ना ठाउँहरूबाट हटाइए । अनि पृथ्वीका राजाहरू, ठूला-ठूला मानिसहरू, धनवान् मानिसहरू, मुख्य कप्तानहरू र शक्तिशाली मानिसहरूले र हरेक कमारा र हरेक स्वतन्त्र मानिसले, आफूलाई ओड़ारहरूभित्र र पहाड़हरूका चट्टानहरुभित्र लुकाए; अनि तिनीहरूले पहाड़हरू र चट्टानहरूलाई भने: "हामीमाथि खस, र सिंहासनमा बस्नुहुनेको मुखबाट र थुमाको क्रोधबाट हामीलाई लुकाइदेओ; किनकि उहाँको क्रोधको ठूलो दिन आएको छ, र को उभिन सक्ला र ?"

## ख्रीष्ट विरोधी

सातवर्षको संकटकाललाई एउटा विशेष मान्छेले आफ्नो प्रभुत्वमा राख्नेछ जसलाई साधारणतः ख्रीष्ट विरोधी भनिन्छ । त्यसलाई पापको मानिस,

विनाशको पुत्र र पशु पनि भनिन्छ । त्यो पराक्रमी र प्रभावशाली हुनेछ, तरै पनि ऊ अधिकार सम्पन्न शैतानको मानिस हुनेछ । त्यो खीष्ट विरोधी परमेश्वरको शत्रु हुनेछ, अनि त्यसलाई सातवर्षीय महा संकटकालको पूर्वाध ($3\frac{1}{2}$ वर्ष)-सम्म सारा संसारमा शासन गर्ने अनुमति दिइनेछ । संसारले अघि कहिल्यै नजानेको त्यसको एकतन्त्री शासन अत्यन्तै भयानक हुनेछ । एडल्फ हिटलरले जस्तै त्यस व्यक्तिले लाखौं यहूदीहरूलाई सताउनेछ र नाश गर्नेछ । त्यसले केवल यहूदीमात्र होइन, तर आफूलाई पूर्ण भक्ति र श्रद्धा नगर्ने सारा विश्वका हरेक मानिसलाई पनि संहार गर्नेछ ।



## हरमागेड्डोनको युद्ध

खीष्ट विरोधीको त्रासपूर्ण शासन अन्तमा गएर हरमागेड्डोनको युद्धमा टुङ्गिन्छ, जुन युद्ध सातवर्षीय महा संकटकालको अन्तमा हुनेछ; त्यसबेला येशूआ (येशू) मसीह वड़ो सामर्थ्य र महामहिमामा आफ्ना शक्तिशाली स्वर्गदूतहरूको साथमा स्वर्गबाट ओर्लनुहुनेछ । "संसार नै नरक" जस्तो यो सातवर्षको अवधिभरि विश्वको जनसंख्या विशालरुपले घट्नेछ । सम्पूर्ण राष्ट्रहरूको न्याय गरिनेछन् - किनकि संकटकाल नै न्याय र शुद्धि गर्ने समय हो; त्यो समय यति डरलाग्दो हुनेछ कि, कुनै सद्धे व्यक्तिले ती कष्टहरू सहनै चाँहदैन । जेहोस्, अझैसम्म हाम्रा पुस्ताका लाखौं-अरबौं मानिसहरूले त्यो समयलाई नेतृत्व दिइराखेका छन् । किनकि त्यो संकटकाल सुदूर भविष्यमा घट्ने सानोतिनो घटना होइन; यद्धपि त्यो संकट नजीक छ । यो कुनै पनि दिन शुरू हुनसक्छ । साँच्चै, आज हाम्रो वरिपरि त्यो विपद तयारी भईरहेको देख्छौं !



बस्, अब रह्यो केवल समयको फेर !

## के हामी आउनलागेको क्रोधदेखि उम्कन सक्छौं ?

अब स्वभाविक प्रश्न यो छ, "हाम्रो निम्ति के आशा छ ? के आउनलागेको क्रोधदेखि हामी उम्कन सक्छौं ?"

किनकि संसारलाई सांधारणरूपले हेर्नु हो भने, यहाँ न आशा छ, न त उम्कने बाटो नै छ। विनाश सामुन्ने छ। हाम्रो दुष्टमति र धृणित कामहरूले गर्दा त्यो दिन निश्चित तोकिएको छ। तर व्यक्तिगतरूपमा जसले परमेश्वरको वचन सुन्नेछ, अनि आफ्नो दुष्टता र अविश्वासदेखि पश्चाताप गर्छ; उसको निम्ति केवल आशा मात्र होइन तर आउनलागेको न्यायदेखि पूर्ण **उद्धार** र पूर्ण **छुटकारा**को समेत प्रबन्ध छ।

यो छुटकारा खुशीको खबर हो, यसलाई म तपाईंसित बाँड़न चाहन्छु। यदि आशा नभएको भए, न्यायको विषयमा चर्चा नगर्नु नै वेश हुने थियो। तर छुटकारा परमेश्वरको पुत्र प्रभु येशू ख्रीष्टको व्यक्तित्वमा छ, जो यस संसारमा फेरि आउनु हुँदैछ।

## येशू ख्रीष्ट चाँड़ै आउनुहुँदैछ !

यो आधुनिक संसारमा येशू आउनुहुँदैछ भन्ने विचार धेरै मानिसको लागि अनौठो लाग्ला। तिनीहरूले सोच्लान्, ख्रीष्टको दोस्रो आगमन कल्पना मात्र हो। तर यस पृथ्वीमा येशूको पुनरागमन कल्पना होइन - यो एउटा उड़न्ते खबर पनि होइन। यो चाँड़ै घट्ने घटना हो। संसारभरिका लाखौं मानिसहरूजस्तै हामी पनि महिमाका राजाको चाँड़ै हुने आगमनमा विश्वास गर्छौं।

बस्, अब रह्यो केवल समयको फेर !

इसाईहरूले सोचेको यो नयाँ काल्पनिक विचार वा आध्यात्मविध्या होइन। बरू यो बाइबलको भविष्यवाणी हो, जसलाई पवित्रशास्त्रभरि दोहरचाइएको छ र यस विषयमा जोर दिइएको छ। आज थोरै मानिसहरू परमेश्वरले

संसारको गतिविधिमा हस्तक्षेप गर्नुहुनेछ भन्ने विचारमा खिल्ली उड़ाउँछन्; अतः तिनीहरूले सोध्ने गर्छन्, **"खोई त उहाँको आगमनको प्रतिज्ञा ?"**

बाइबलमा मसीहको **दोस्रो आगमन**को सम्बन्धमा ३०० पटक प्रतिज्ञा गरिएको छ अनि यो प्रतिज्ञा कमसेकम १८४५ पटक उल्लेख भएको छ। यो दोस्रो आगमनको विषयमा बोल्ने प्रथम भविष्यवक्ता नूहको बराजू **हनोक** थिए। यस सम्बन्धमा पुरानो नियमका धेरै लेखकहरू र सम्पूर्ण प्रेरितहरू (Apostles)-ले भविष्यवाणी गरेका थिए। अनि येशूआ स्वयंले म फेरि आउनेछु भन्ने प्रतिज्ञा गर्नुभएको छ। उहाँको वचन यसप्रकार छ:

> "मेरा पिताको घरमा धेरै वासस्थानहरू छन्; त्यस्तो नहुँदो हो त म तिमीहरूलाई भन्नेथिएँ। म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु। अनि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरि आउनेछु; अनि म जहाँ छु, त्यहाँ तिमीहरू पनि होओ भनेर म तिमीहरूलाई आफूकहाँ लिनेछु।"
>
> (यूहन्ना १४:२,३)

अब प्रश्न उठ्छ, मालिक **किन** यस संसारमा फर्केर आउनुहुँदैछ ? जब तपाईं भविष्यवाणीहरू अध्ययन गर्नुहुन्छ, उहाँको आगमनको **दुईवटा** मुख्य कारणहरू भेट्नुहुनेछ, ती हुन्:

१) यस संसारदेखि आफ्ना जनहरूलाई छुटकारा दिनु र **उठाई लैजानु**।

२) यस संसारलाई दुष्टतादेखि **शुद्ध** पार्नु।

वास्तविकता के हो भने हामी प्रत्येक ज-जसले यो सन्देश पढ्छौं, र प्रभुको आगमनको निश्चित घड़ीमा जिइरहेका छौं; त्यसबेला दुईतिर भङ्गालिनेछौं- उठाइ लगिनलाई कि त शुद्ध पारिनलाई।

## छुटकारा

उठाइ लगिने (EVACUATION) अथवा यसलाई हामी भन्छौं, **बादलमा**

**उठाइने** (THE RAPTURE) या पक्रि लैजाने (the catching away) घटना जो **पहिल्यै** घट्छ। मुक्तिदाताले आफ्ना जनहरूलाई संकटकाल शुरू हुनुभन्दा अघि नै यस संसारबाट उठाई लैजानुहुनेछ। जस्तै हामी पढ्छौं:

> **"किनकि परमेश्वरले हामीलाई क्रोधका निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति पाऔं भनी ठहराउनुभएको छ।"** (१ थेस्सलोनिकी ५:९)

प्रभु येशूले आफ्ना जनहरूलाई प्रतिज्ञा गर्नुभएको छ:

> "तिमीले मेरो धीरजको वचन पालन गरेका छौं, **यसकारण म पनि तिमीलाई परीक्षाको घड़ीबाट जोगाउनेछु**, जुनचाहिँ पृथ्वीमा बस्नेहरूलाई जाँच्नका निम्ति सारा संसारमाथि आउनेछ।" (प्रकाश ३:१०)

यो उठाई लगिने घटना कसरी घट्ने छ ? यसबारे पावल प्रेरितले यसरी व्याख्या गर्दछ:

> "किनकि प्रभु आफै चीत्कारसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि ख्रीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन्। त्यसपछि हामी जो जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा **उठाइनेछौं**; अनि यसरी हामी सधैं प्रभुको साथमा रहनेछौं।" (१ थेस्सलोनिकी ४:१६,१७)

कुरा स्पष्ट छ - यो उठाई लगिने प्रक्रियाले आत्मिक उन्नतिको विषयमा बातचीत गरिरहेको छैन, न त मृत्युपछि हाम्रो आत्माहरू उठाई लगिने विषयमा नै बातचीत गरिरहेको छ। जब येशूआ आउनुहुन्छ, हामी हावामा र बादलहरूमा उठाइनेछौं, अनि तुरून्तै आत्मिकी राज्यमा प्रवेश गर्नेछौं - त्यो हो पिताको घर जहाँ धेरै वासस्थानहरू छन्;

जसलाई मालिकले आफ्ना जनहरूको निम्ति तुरून्त तयार पारिरहनुभएको छ। यो बादलमा उठाई लगिने प्रक्रियामा **सम्पूर्ण नयाँ जन्म पाएका विश्वासीहरू**, मसीहको सम्पूर्ण साँचो चेलाहरू अनि हरेक जसलाई मालिकले "यी मेरा चेला हुन्" भनी सम्बोधन गर्न सक्नुहुन्छ, ती सबै समेटिने छन्।

तपाईंले सोधिरहनुभएको होला, "यो कसरी सम्भव हुनेछ ? कसरी मानिसहरू सशरीर आकाशमा उठाइन सक्छ ?" तर यो सम्भव हुनेछ, जस्तै १ कोरिन्थी १५:५१-५३ मा हामी पढ्छौं:

> "हेर, एउटा रहस्य म तिमीहरूलाई बताउँछु; हामी सबै जना सुतिजानेछैनौं, तर हामी सबै बदली हुनेछौं; एकै छिनमा, आँखाको झिमिकमा, आखिरी तुरही बज्दाहुँदि; किनकि तुरही बज्नेछ र मरेकाहरू अविनाशी दशामा बौराइनेछन्, र हामीचाहिँ बदली हुनेछौं। किनकि यस विनाशीले अविनाशलाई पहिरनैपर्छ, र यस मरणशीलले अमरतालाई ओढ़नैपर्छ।"

यसैकारण विश्वासीहरू उठाइनेछन् र बदली हुनेछन् - तिनीहरूका शरीर पुनरुत्थानपछिको प्रभुको शरीरजस्तै हुनेछन्। किन मालिकले आफ्ना जनहरूलाई लानुहुनेछ ? किन येशूआ मसीहका यी साँचो चेलाहरू उठाइलगिने छन् ? **तिनीहरूलाई महा संकटकालदेखि छुटकारा दिन** यसो गरिएको हो भनी उत्तर अघि नै दिइसकेको छ। यो संसारलाई शुद्ध पारिइनेछ, अनि पृथ्वीमा रहेकाहरू सबैको न्याय हुनेछ। यो डरलाग्दो न्याय अवश्य शुरू हुन्छ।

(यो ठूलो सेतो सिंहासन - अन्तिम न्याय होइन; यो सातवर्षको अवधिभित्र संसारलाई शुद्धिकरण गरिने न्याय हो - यसलाई भनिन्छ, **"सर्वशक्तिमान् परमेश्वरको क्रोधको महान् दिन।"**)

## खीष्टको आगमनलाई हामी कति चाँडो आशा गर्न सक्छौं ?

यी कुराहरू कहिले हुनेछन् ? समय वा वर्ष सो हामीलाई भनिएको छैन, तर उहाँको आगमन र संकटकाल नजीक आइरहेको चिन्हहरू तपाईंले प्रत्येक दिनको समाचारपत्रहरूमा पाउनुहुन्छ । यस समयको सम्बन्धमा मुक्तिदाताले धेरै संकेतहरू दिनुभएको छ । उहाँले भन्नुभयो, मेरा आगमनका दिनहरू नूहका दिनहरूजस्तो हुनेछन् । नूहका दिनहरूलाई तीन मुख्य बुदाँहरूद्वारा चित्रण गरिएको छः

१. पृथ्वी **भ्रष्ट** थियो, मानिसको विचारहरू निरन्तर **खराब** थिए । आज विश्वव्यापी **राजनैतिक** भ्रष्टाचार, **नैतिक** भ्रष्टाचार र **आत्मिक** भ्रष्टाचार हामी देख्छौं ।

हामीले विगत बीसवर्षको अवधिमा नैतिकताको पतन भएको र मानिसका विचारहरू अझ बढ़ी भ्रष्ट भएको देख्यौं । एउटा पत्रिकाले यसो भनेको छ, "यदि आज तपाईंले चौड़ा बाटोलाई घिनलाग्दो सम्झनुहुन्छ भने, एकै क्षण पर्खनुहोस् ! किनकि हलिउडले ठूलो आघात पुरचाउने प्रतिज्ञा गरेको छ, र पहिलेदेखि नै यसले यस्तो घिनलाग्दो कुराहरू उत्पादन गरिरहेको छ ।"

अहँ, घड़ीको लङ्गुर शुद्धता र नैतिकताको पछिल्तिर कदापि झुन्डिएन, तर मानिसहरू भने आफ्नै खराब विचारहरूले गर्दा पीड़ित भए ।

२. नूहको दिनमा पृथ्वी हिंसाले भरिएको थियो । आज त्यस्तै छ । जब गेराल्ड फोर्ड अमेरिकी राष्ट्रपति थिए (सन् १९७० मा), त्यसबेला प्रधान सल्लाहकार-हरूले उनलाई सल्लाह दिएनन्; यहाँसम्म कि, अपराध नियन्त्रण गर्न सकिन्छ भन्नेसमेत संकेत दिएनन् । तिनीहरूले भने, यो गर्न सकिन्न । यो एक्काइसौं शताब्दीमा



अहिलेको अवस्था झन खराब छ !

३. **परमेश्वरप्रतिको उदासीनता** नै प्राचीनकालको तेस्रो दुर्दशा थियो; मानिसहरू न्याय कहिल्यै हुँदैन जस्तो गरी जीवन बिताउँदथिए । तिनीहरू खाइरहन्थे, पिइरहन्थे र बिहेबारी गरिरहन्थे । आज त्यस्तै छ । हामी शहरहरू बनाउछौं । हामी भविष्यका लागि योजनाहरू तयार पार्छौं अनि वर्तमानलाई मोजमस्तीमा उड़ाउँछौं । तर यी सबै आज नै अन्त हुनसक्छन् - यो हामी शायदै सोच्छौं । हुनसक्छ, तपाईंले यो सन्देश पढ़िरहनुभएको बेला नै येशूआ (येशू ख्रीष्ट) आउनु सक्नुहुन्छ ।

## परमेश्वरले पापीहरूको न्याय गर्नुहुनेछ !

परमेश्वरले अभिषेक गर्नुभएको मसीह एवं न्यायकर्ता प्रभु येशू चाँड़ै नै स्वर्गबाट आगोको ज्वालामा प्रकट हुनुहुनेछ । परमेश्वरलाई नचिन्नेहरु अनि ख्रीष्टको सुसमाचारमा विश्वास नगर्नेहरूलाई अनिवार्य दण्ड दिइनेछ । उहाँले अनैतिक र स्वधर्मीको पनि न्याय गर्नुहुनेछ । उहाँले घृणित र घमन्डी दुवैको न्याय गर्नुहुनेछ । उहाँले करोड़पति र कङ्गालको पनि न्याय गर्नुहुनेछ । उहाँले पियक्कड़, जुवाड़े, लागूऔषध दुर्व्यसनी (drug addict), आदरणीयजन, उच्च समाज अनि ख्यातिप्राप्त सबैको न्याय गर्नुहुनेछ । उहाँले चलचित्र निर्माता र यसका दर्शकहरूसमेतलाई न्याय गर्नुहुनेछ; प्राध्यापक साथै विध्यार्थीको पनि न्याय हुनेछ । उहाँले धार्मिक र नास्तिक दुवैको न्याय गर्नुहुनेछ; जिद्धीवाला साथै चरित्रहीनको पनि न्याय हुनेछ ।

नूहको पालामा जलप्रलय भए झैं, सदोम र गमोरा शहरहरूलाई आगो र गन्धकले सखाप पारे झैं - येशू मसीहले चाँड़ै यस **संसारलाई शुद्धिकरण** गर्नुहुनेछ ।

## आउन लागेका न्यायका चिन्हहरू

यी सबै चिन्हहरू हाम्रा वरिपरि नै छन्; आउन लागेका न्यायका चेताउनीहरू यिनै हुन्:

- अनिकाल
- भूँइचालो
- आँधी-बेह्री
- महामारी
- प्रदूषण समस्या
- लागूऔषध समस्या
- जादू-टूना र तन्त्र-मन्त्रको वृद्धि
- शैतान-पूजा
- झूटो धार्मिक विश्वास र झूटो भविष्यवक्ता
- माथिल्लो तहमा गड़बड़ी र उद्विग्नता
- इस्राएलमा यहूदीहरूको वापसी
- मध्य-पूर्व एशियामा युद्ध जारी
- ऊर्जा संकट
- विश्वव्यापी आर्थिक पतन
- एउटै विश्व धर्मप्रति उर्लदो आवेग
- एउटै विश्व-शासन (सरकार)
- जीव-रासायनिक हतियारहरूको आविष्कार
- पृथ्वी, समुद्र र अन्तरिक्षमा आणविक हतियारहरूको वृद्धि
- सैनिक खर्चमा वृद्धि
- खरबौं डलरको हतियार व्यापार
- इस्राएलमाथि आक्रमण गर्न राष्ट्रहरूमाझ तयारी
- विश्वव्यापी आणविक युद्ध परिचालन

यी सबै प्रभुको आगमन र आउनलागेका महा संकटकालका चिन्हहरू हुन् । यो संहार निश्चय नै नजीक छ । हुनसक्छ, केही वर्ष लाग्ला ।

बस्, अब रह्यो केवल समयको फेर !



शायद तपाईंले यो पुस्तिका पढ्ेर सिध्याउनुभन्दा अघि नै मुक्तिदाता आउनुहुन्छ कि ! यसर्थ आफ्नो घरलाई व्यवस्थित बनाउनुहोस् र **उठाइलगिन**लाई तयार बस्नुहोस् ।

मेरा पाठकवृन्द, मलाई एउटा प्रश्न सोध्न दिनुहोस् । परमेश्वरले आफ्नो न्यायलाई कहिलेसम्म रोकिराख्नु सक्नुहुन्छ ? के आज तपाईं कल्पना गर्न सक्नुहुन्छ - संसारको धृणित कुराहरूप्रति परमेश्वर कति उदासीन हुनुहुन्छ ? उहाँले यस्ता कुराहरूको न त वास्तै गर्नुहुन्छ न त क्रोध नै गर्नुहुन्छ भनी के तपाईं सोच्नुहुन्छ ? हाम्रा जघन्य अपराध, हिंसा, लागूऔषधको अवैध व्यापार, व्यभिचार, गर्भपात, अश्लीलता र विकृतिले मात्र होइन तर हाम्रै स्वार्थीपन, धनको माया, भोग-विलास, आत्मसन्तुष्टि र निरुत्साहित स्वभावले गर्दा के हाम्रा सृष्टिकर्ता परमेश्वर उदासीन देखिनुहुन्न र ?

हामी भन्छौं, हामी परमेश्वरमाथि विश्वास गर्छौं । तर वास्तवमा हामी **कुनचाहिँ** "परमेश्वर"-लाई भज्छौं ? के **पैसा**को परमेश्वर ? के **विज्ञान**को परमेश्वर ? के **अभिलाषा**को परमेश्वर ? के **भोग-विलास**को परमेश्वर ? कि त **कामवासना**को परमेश्वर ? यदि हामी जिउँदो परमेश्वरमाथि विश्वास गर्छौं भने परमेश्वरको पुत्र येशूआ (येशू)-लाई चिनौं । उहाँ कुनै दिन फर्की आउनुहुनेछ, अनि उहाँलाई हामीले हाम्रो जीवनको हिसाब दिनुपर्नेछ । यसर्थ हामी सम्पूर्ण हृदयसहित उहाँतिर फर्कौं ।

# परमेश्वरले जस कसैलाई पनि बचाउन (मुक्ति दिन) सक्नुहुन्छ !

अब निश्चित हुनुहोस्, परमेश्वरले कोही पनि नाश भएको चाहनुहुन्न ! उहाँले एउटै पनि व्यक्तिलाई महा संकटकालमा जाकिएको देख्न चाहनुहुन्न । हाम्रो मुक्ति र भलाइको निम्ति उत्कट इच्छा राख्नुहुने परमेश्वरले हामीलाई अघात माया गर्नुहुन्छ । उहाँकहाँ फर्किआउने हरेकलाई उहाँले बचाउन सक्नुहुन्छ । तपाईं पियक्कड़, लागूऔषध दुर्व्यसनी, व्यभिचारिणी, समलिङ्गी, चोर अथवा हत्यारा जे पनि हुनुहोस्, जेसुकै पाप गर्नुहोस्, कुनै वास्ता छैन, तर पनि परमेश्वरको प्रेमले तपाईंलाई अङ्कमाल गर्नेछ । अब के तपाईं **आफ्नो पापलाई त्यागेर** येशू मसीहतिर फर्कनुहुन्छ ?

परमेश्वरले एउटा अचम्भलाग्दो उद्धार र मुक्तिको प्रबन्ध गर्नुभएको छ । तर निर्णायक प्रश्न यो छ - के म व्यक्तिगत (जसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ अनि बचाउन चाहनुहुन्छ)-रूपमा यस विनाशकारी संसारदेखि मुक्ति पाई माथि **उठाइन्छु** त ? अथवा के म महा संकटकालको त्रासदीपूर्ण दु:ख भोग्नलाई **छोड़िन्छु** त ?

यस प्रश्नको उत्तर यसरी पाउँछौं - प्राय:जसो मानिसहरू आफैलाई हेरिकन भन्ठान्छन्, हामी कति असल र कति खराब रहेछौं । तर प्रिय मित्र ! यस महान् उद्धारको निम्ति तपाईं कतिको असल र खराब हुनुहुन्छ भनेर आफैले आफैलाई योग्य र अयोग्य ठान्ने प्रक्रिया त्यति महत्वको विषय होइन । साँच्चै, यदि उद्धार हाम्रै असलपनामा भरपर्दो हो त एउटै व्यक्ति पनि बचाइने थिएन । यी सबै मुक्तिदातालाई विश्वास गर्ने कि नगर्नेमा भर पर्दछ । निश्चय नै परमेश्वरले कोही पनि नाश भएको चाहनुहुन्न; तैपनि लाखौं मानिसहरू आफ्नो पापबाट नफर्केको र मुक्तिदाता (जसले बोलाइरहनुभएको छ)-लाई ग्रहण नगरेको कारण महा संकटकालमा पर्नेछन् ।

धेरै मानिसहरू म ठीक छु भन्ने सोचाइमा धोका खाएका छन्, जबकि तिनीहरूमा वास्तविक आत्मिक जीवन नै हुन्न । यहाँ म, तपाईंजस्ता

आदरणीय, असल र प्रभुको सेवा-सङ्गतिमा निरन्तर हिँड़िरहनुहुने महानुभावहरूलाई चुनौती दिन चाहन्छु! के तपाईं नयाँ जन्म पाउनुभएको विश्वासी हुनुहुन्छ ? के तपाईंभित्र ईश्वरीय जीवन छ ? के तपाईंको हृदयमा अद्भुत काम भएको छ ? के साँच्चै येशू तपाईंको मालिक र मुक्तिदाता हुनुहुन्छ ? यी कुराहरू विचारशील छन्। के तपाईं भन्नु सक्नुहुन्छ, "येशू मेरो हृदयमा हुनुहुन्छ। यदि आज उहाँ आउनुभयो भने म उहाँलाई भेट्न तयार छु।" गिर्जाघर (मण्डली)-को सदस्यतामा भर नपर्नुहोस्। तपाईंले पूरा गर्नसक्ने कुनै पनि धार्मिक विधि-विधानमा भरोसा नपर्नुहोस्। आफ्नो खानदानमा पनि भर नपर्नुहोस्। तपाईंको बुबा प्रचारक, बाजे बिशप अथवा काका-मामाका छोरा पूजाहारी थिए भन्ने कुरामा पनि भरोसा नगर्नुहोस्। परमेश्वरलाई चढ़ाउनुभएको भेटीमा तथा असल काम गर्नुभएकोमा वा असल जीवन बिताउने प्रयासमा पनि भर नपर्नुहोस्। बरू येशू मसीहमाथि विश्वास गर्नुहोस्।

यदि तपाईंको जीवन परमेश्वरसित ठीक छैन भने विलम्ब नगरिकन उहाँसित आफ्नो जीवन ठीक गर्नुहोस्। यदि तपाईं संसारको **भोग-विलास**को निम्ति जिइरहनुभएको छ भने कृपया यसलाई फेरि एकचोटि सोच्नुहोस्। **तपाईंको हृदयमा मूर्तिहरू** छन् भने यसलाई हटाउन आवश्यक छ। परमेश्वरप्रति तपाईंको हृदय **स्वार्थीपन**, **ईर्ष्या**, **वासना** र **उदासीनताले** भरिएको छ; अथवा परमेश्वरलाई प्रेम गर्नुभन्दा बढ़ी तपाईंले **रुपियाँ-पैसा**, **धन-सम्पत्ति**, **भोग-विलास**, **खेलकूद**, **संगीत**, **मित्रगण** साथै अन्य कुनै पनि थोकलाई माया गर्नुहुन्छ भने आफैलाई एकचोटि जाँची हेर्नु आवश्यक छ ताकि तपाईं साँच्चै मुक्तिदाताप्रति कतिको निष्ठावान् हुनुहुन्छ।



यदि तपाईं स्वर्गीय मालिक र न्यायकर्ताको आगमनको निम्ति तयार हुनुहुन्न भने अहिले नै उहाँको अघि आउनुहोस्। उहाँसित सबैकुरा ठीक गर्नुहोस्; उहाँलाई प्रार्थना गर्नुहोस् अनि

उहाँबाट क्षमा र मुक्ति पाउनुहोस् ।

साँचोरूपले म उहाँको चेला भएकै छुँइन रहेछु भनी स्वीकार्नुहुन्छ भने उहाँको आत्मा तपाईंभित्र हुनुहुन्छ । त्यसो हो भने, के तपाईं अहिले नै उहाँकहाँ आउनुहुन्छ ? के तपाईं आफ्नो जीवन उहाँलाई दिनुहुन्छ ? उहाँ अचम्भको मुक्तिदाता हुनुहुन्छ । उहाँले तपाईंभित्र एउटा अचम्भको काम गर्नुहुनेछ ।

## तपाईंको निर्णयले तपाईंको भाग्य निश्चित गर्छ !

"अनि परमप्रभु (यवे)-ले भन्नुभयो, मेरो आत्माले मानिसहरूसित सधैंभरि विवाद गर्नेछैन ।" (उत्पत्ति ६:३)

अब हामी आउन लागेका संसारको चरम सीमातिर आइपुगेका छौं; अनि यस युगको अन्ततिर दुई ठूल्ठूला शक्तिहरू मानिसको मन र आत्माको निम्ति परस्पर विवाद गरिरहेका छन् । एकातिर हामी देख्छौं, दासत्वमा ल्याउने शैतानको शक्ति ! शैतान कपोकल्पित होइन तर यथार्थ हो । मानिसहरूमा परमेश्वरको उद्धारको कामलाई हतोत्साहित बनाउनु नै शैतानको मुख्य उद्धेश्य देखा पर्दछ । शैतान स्वयं नरकको निम्ति दोषी ठहरिएको छ । त्यसको भाग्यमा ताल्चा लागिसकेको छ, यो कुरा त्यसलाई पूरा थाहा छ । परमेश्वरप्रति यसको घृणा रहेकोले यसले जतिसक्दो पुरुष, स्त्री र बाल-बालिकालाई नरकमा धकेल्न खोज्छ । अर्कोतिर हामी देख्छौं, परमेश्वरको कृपालु काम ! अनन्त पीड़ा र निराशमा पुर्‍याउने नाशमान बाटोदेखि परमेश्वरले सबै नर-नारी र बाल-बालिकाहरूलाई फर्काउन संघर्ष गरिरहनुभएको छ ।

मानिसको आत्माहरूको निम्ति गरिएको युद्ध बलको होइन । परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ; शैतानचाहिँ एउटा सृजिएको अस्तित्व (व्यक्ति) हो । तर त्यहाँ उग्ररूपले मानिसको मन र आत्मामा चलिरहेको वैधानिक युद्ध छ । प्रेमको भेंटस्वरूप आफ्नो प्रिय पुत्रलाई ग्रहण गर्न परमेश्वरले मानिसलाई स्वतन्त्रता दिनुभएको छ । येशूलाई मुक्तिदाताको रूपमा ग्रहण

गर्नु र उहाँसँगै जीउनु भनेर परमेश्वरले कसैलाई पनि वाध्य तुल्याउनु हुन्न । तर कसैले परमेश्वर अथवा उहाँको पुत्रलाई साँचोरूपले चाहँदैन भने तिनलाई परमेश्वरले नै आफ्नो मुक्ति अस्वीकार गर्न स्वतन्त्रता दिनुभएको छ । यद्धपि यो स्वतन्त्रता नै मानिसको विनाश हो ।

तर आज परमेश्वरले मानिसहरूसित यसको कारणहरू यसरी दिनुहुन्छ -

> "जसरी म जीवित छु, परमप्रभु यवे भन्नुहुन्छ, दुष्टको मृत्युमा मलाई आनन्द छैन; तर दुष्ट आफ्नो चालबाट फर्कोस् र बाँचोस्; तिमीहरू फर्क, तिमीहरू आफ्ना दुष्ट चालहरूबाट फर्क, किनकि हे इस्राएलको घराना, किन तिमीहरू मर्छौ ?" (इजकिएल ३३:११)

परमेश्वरले बाइबलमा किन भविष्य दर्शाएका छन् ? यसका मुख्य कारण हामीले आउनलागेको क्रोधलाई स्पष्टरुपले देख्नेछौं, उहाँको अनुग्रहलाई खोज्नेछौं अनि यसै घड़ी बचाइनेछौं भन्ने हो ।

> "जबसम्म परमप्रभु *(सर्वोच्च अनि अनन्त यवे)* भेट्टाइनुहुन्छ, तबसम्म उहाँलाई खोज; जबसम्म उहाँ नजीक हुनुहुन्छ, तबसम्म उहाँलाई पुकार । दुष्टले आफ्नो चाल, साथै अधर्मीले आफ्ना विचारहरू त्यागोस्; अनि यवेकहाँ फर्कोस्, र उहाँले त्यसमाथि दया राख्नुहुनेछ; अँ, हाम्रा परमेश्वरकहाँ, किनकि उहाँले प्रशस्त गरी क्षमा गर्नुहुनेछ ।" (यशैया ५५:६,७)

जब तपाईंले आधुनिक सभ्यताको दुष्टता, भ्रष्टाचार, अनैतिकता र निदर्यतालाई गहन दृष्टिले नियाल्नुहुन्छ, तब न्याय गरिनलाई संसारको म्याद पुगिसकेको कुरो प्रष्ट हुँदछ । परमेश्वरले सधैंभरि मानिसहरूसित विवाद गरिरहनुहुन्न । यो समयमा एउटै कारणले गर्दा परमेश्वरले न्यायलाई रोकिरहनुभएको छः

> "कतिले ढिलाइ भनी सम्झेझैं आफ्नो प्रतिज्ञाबारे प्रभु ढिलो गर्नुहुन्न; तर कोही पनि नष्ट नहोस्, तर सबैले पश्चाताप

> गरून् भन्ने इच्छा राखेर उहाँले हामीतर्फ धीरज देखाउनुहुन्छ । तर यवेको दिन *(महा संकटकाल)*-चाहिँ राती चोर आएझैं आउनेछ ।" (२ पत्रुस ३:९,१०)

यी अन्तका दिनहरूमा, येशूले आफ्ना देहमा उहाँलाई **विश्वास** गर्ने अन्तिम रहल सच्चा विश्वासीहरूलाई भेला गरिरहनुभएको छ । चाँड़ै स्वर्गबाट **"अब पूरा भयो"** भनी चीत्कारसाथ घोषणा हुनेछ ।

मसीहको मण्डलीरूपी देह पूर्ण हुनेछ । पृथ्वीमा भएका सच्चा विश्वासीहरू स्वर्गमा हुनुहुने सार्वभौम मुक्तिदातालाई भेट्न आकाशमा उठाइलगिनेछ । त्यहाँ अवर्णनीय आनन्द हुनेछ । तर पृथ्वीमा चाहिँ महा संकटकाल शुरू हुनेछ ।

मेरा प्यारा पाठकवृन्द, परमेश्वरका स्वर्गीय नियुक्ति पाएका मुक्तिदाताप्रति यसबेला तपाईंको निर्णय के छ यसलाई निश्चित गर्नुहोस् - तपाईं कि त त्यो आशिषित र विशेष अधिकार पाएको झुण्डमा सामेल भई पिताको घरमा प्रवेश गर्नलाई उठाइनुहुन्छ कि त यस नाशमान ग्रहमा छोड़िनुहुन्छ ।

यदि अहिले तपाईंले परमेश्वरको कृपा-दानलाई अस्वीकार गर्नुभयो भने आउँदो महा संकटकालमा यवेको नाम अथवा उहाँको पुत्र येशूआको नाम कदापि पुकार्नुहुन्न । त्यस बेला संसारको स्थिति अत्यन्तै भयानक हुनेछ; प्रायःजसोले विश्वासको कारण आफ्नो प्राण उत्सर्ग गर्नुपर्नेछ ।

आज स्वर्गीय पिताले तपाईंलाई बचाउन तपाईंसित विवाद गरिरहनुभएको छ ।

**हेर, कृपादृष्टिको समय अहिले हो;**
**हेर, मुक्तिको दिन अहिले हो ।**
(२ कोरिन्थी ६:२)

परमेश्वर तपाईंसित विवाद गरिरहनुभएको छ भन्ने कुरो के तपाईं चाल पाउनुहुन्न ? तपाईंलाई थाहा छ, तपाईंको पापहरूले तपाईंलाई उदास बनाइरहेको छ । तपाईं जान्नुहुन्छ, तपाईंले पाप क्षमा पाउनैपर्छ । भोलिको दिन तपाईं निश्चित हुन सक्नुहुन्न, कारण भोलि नै तपाईं नरकमा या महा संकटकालमा पर्न सक्नुहुन्छ । तपाईं यो पनि जान्नुहुन्छ, तपाईंको जीवनको अत्यन्तै महत्वपूर्ण कुरा -चिरस्थायी भाग्य, जसलाई अवहेलना गर्नु मूर्खता हो ।

तैपनि तपाईंसित कति अव्यक्त कुराहरू होलान् । हुनसक्छ, कुनै पापमा तपाईं लिप्त रहनुभएको छ, परमेश्वरसित शान्तिले रहनुभन्दा बरु केही यस्ता पापमय कुरालाई धारण गर्न पाएँ हुन्थ्यो भन्ठान्नुहुन्छ । ती कुराहरू, चाहे पाप, चाहे आकांक्षा, चाहे व्यक्ति, चाहे "ईश्वर" जेसुकै होस् - यसले तपाईंको पतन हुनेछ । यदि तपाईंले यस्ता कुराहरूलाई त्याग्नुभएन भने यसैले नै तपाईंलाई नष्ट गर्नेछ । तपाईंको विवेकले तपाईंलाई यही कुरो भन्दछ ।

अझै पनि तपाईं निर्णय गर्न ढिलो सोच्नुहुँदैछ । पहिला पूरा गर्नुपर्ने तपाईंसित केही काम होला । आफूसित अझै प्रशस्त समय रहेको तपाईं महशूस गर्नुहुन्छ । तपाईंले आज गर्ने काम भोलिलाई थाँती राख्ने विचार गर्नुहुन्छ । विलम्ब समयरूपी चोर हो ! आगोसित खेल्नुहोस्, तपाईं डढ्नुहुन्छ ! यो निश्चित छ, तपाईंको पापले तपाईंलाई अहिले नभए पनि महान् सेतो सिंहासनको सामुन्ने खोजी निकाल्नेछ !

तर तपाईं महान् सेतो न्याय सिंहासनको अगाड़ि देखा पर्नु पर्दैन । तपाईं महा संकटकालबाट भएर जानु **पर्दैन** । तपाईं अहिले नै बचाइनु सक्नुहुन्छ ! कसरी ? स्वर्गीय नियुक्ति पाएका मुक्तिदातालाई ग्रहण गरेर ।

यहाँ तपाईंको निम्ति परमेश्वरका प्रतिज्ञाहरू छन् । के तपाईंले यी प्रतिज्ञाहरू ग्रहण गर्नुहुन्छ ?

१. **"हामीले आफ्ना पापहरू स्वीकार गरचौं भने हामीलाई हाम्रा पापहरू क्षमा**

**गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।"** (१ यूहन्ना १:९)



परमेश्वरले तपाईंको पापलाई वास्ता गर्नुहुन्न, तर विश्व शासकको रूपमा उहाँले तपाईंको पापहरूलाई वैधानिक एवं न्यायसंगतपूर्वक क्षमा गर्न सक्नुहुन्छ, त्यो एउटै सच्चाईको कारण : **येशू मसीह तपाईंको पापहरूको निम्ति मर्नुभयो ।**

> "किनकि हामीलाई परमेश्वरकहाँ पुऱ्याउनलाई खीष्टले पनि - धर्मीले अधर्मीहरूका निम्ति - पापहरूका लागि एकपल्ट दु:ख भोग्नुभयो र शरीरमा मारिनुभयो, तर आत्माद्वारा जीवित पारिनुभयो ।" (१ पत्रुस ३:१८)

निश्चय नै तपाईं आफ्नो पापहरूको निम्ति मर्नुपर्थ्यो; तर परमेश्वरले तपाईंको निम्ति एउटा प्रबन्ध गर्नुभएको छ - उहाँले आफ्नो सिद्ध पुत्र येशूआ (येशू)-लाई तपाईंको सट्टामा मर्न दिनुभयो ।

> "अनि जसरी मानिसहरूका निम्ति एकपल्ट मरण र त्यसपछि न्याय नियुक्त गरिएको छ, उसरी नै खीष्ट पनि धेरैका पापहरू बोक्नका निम्ति एकपल्ट बलि चढ़ाइनुभयो; अनि उहाँको बाटो हेर्नेहरूकहाँ मुक्तिका निम्ति उहाँ दोस्रो पटक बिनापाप देखा पर्नुहुनेछ ।" (हिब्रू ९:२७,२८)

२. **"तर जतिले उहाँ (येशूआ)–लाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा विश्वास गर्दछन् ।"** (यूहन्ना १:१२)

यहाँ परमेश्वरले तपाईंलाई उहाँका नीज छोराछोरी बनाउन साथै उहाँका आफ्नै परिवारभित्र ल्याउन विशेष अधिकार र आनन्दसहित प्रतिज्ञा गर्नुहुन्छ ।

३. **"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र जन्माइएको पुत्रलाई दिनुभयो – उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् ।"** (यूहन्ना ३:१६)

सर्वशक्तिमान् परमेश्वर यवेले तपाईंलाई मुक्तिको आश्वासन दिनुहुन्छ। उहाँले आफ्नो पुत्र दिनुभयो, जसले तपाईंको निम्ति क्रूसमा भयानक दु:ख भोग्नुभयो। साँच्चै यदि तपाईंले आफ्नो हृदयबाट नै उहाँको पुत्रमा विश्वास गर्नुभयो भने उहाँले तपाईंलाई कदापि त्याग्नुहुन्न।

४. **"यदि तिमीले आफ्नो मुखले येशूआ नै मसीह (येशू नै अभिषिक्त मुक्तिदाता) भनी स्वीकार गरचौं भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गरचौं भने तिमीले मुक्ति पाउनेछौं ।"** (रोमी १०:९)

यस विषयमा पवित्रशास्त्र बाइबल एकदमै स्पष्ट र यथार्थ छन्। यो यति सरल छ कि एउटा सानो बालकले पनि विश्वास गर्नसक्छ, तैपनि यो सच्चाइसित धेरैले ठोकर खान्छन् अनि तिनीहरू कुनै पनि हालतले मुक्ति कमाउनैपर्छ भनी सोच्छन्।

> "तब हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो ।" (तीतस ३:५)

> "हाम्रा सबै धार्मिक कामहरू फोहोर थाङ्नाजस्ता छन् *(परमेश्वरको दृष्टिमा) ।*" (यशैया ६४:६)

> "किनकि विश्वासद्वारा अनुग्रहले तिमीहरूले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमन्ड गर्नेछ । (एफेसी २:८,९)

प्रभु येशूले प्रतिज्ञा गर्नुभएको छ:

> **"पिताले मलाई जतिजना दिनुहुन्छ, ती सबै मकहाँ आउनेछन्;**

**अनि जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले अफाल्नेछैनँ ।"**
(यूहन्ना ६:३७)

**"साँचो-साँचो म तिमीहरुलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन छ ।"** (यूहन्ना ६:४७)

**"जसले पुत्रमाथि विश्वास गर्दछ, ऊसँग अनन्त जीवन हुन्छ; अनि जसले पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ ।"** (यूहन्ना ३:३६)

**मुक्ति पाउनलाई** तपाईंले गर्नैपर्ने कुराहरू:

१. म पापी हुँ भनी **स्वीकार्नुहोस्**, अनि परमेश्वरलाई आफ्नो पापहरूको क्षमा माग्नुहोस् ।

२. येशू (येशूआ) नै परमेश्वरको पुत्र हो भनी आफ्नो हृदयमा **विश्वास** गर्नुहोस्; उहाँ यस संसारमा आउनुभयो, तपाईंको सट्टामा क्रूसमा मर्नुभयो, बौरिउठ्नुभयो अनि तपाईंको शाश्वत मुक्तिदाता हुनलाई जीवित हुनुहुन्छ ।

३. एकदमै यथार्थरूपले आफ्नो व्यक्तिगत मुक्तिदाता, मालिक र परमेश्वरको रूपमा **प्रभु येशूलाई ग्रहण गर्नुहोस्**, अनि उहाँकहाँ आफ्नो जीवन सुम्पनुहोस् ।

के तपाईंले यो अत्यन्त जरूरी विषयलाई अहिले नै छलफल गर्नुहुन्छ ? के तपाईं झुकेर मुक्तिदातासित बात गर्नुहुन्छ ? के तपाईंले आफ्नो पापको क्षमा पाउनलाई र आफू नयाँ व्यक्ति बनिनलाई उहाँसित आग्रह गर्नुहुन्छ ? यसै घड़ीदेखि आफ्नो मालिक र मुक्तिदाता हुनलाई के तपाईंले उहाँलाई आफ्नो हृदयमा आउन आग्रह गर्नुहुन्छ ? तपाईंले विश्वास गर्नुहुन्छ भनेर मात्र उहाँले तपाईंलाई पर्खिरहनुभएको छ । के तपाईंले मुक्ति पाउनलाई उहाँमा विश्वास गर्नुहुन्छ ?

आउनलागेको क्रोधदेखि भाग्नुहोस् ! अनन्तताको निम्ति निर्णय लिनुहोस् ।

अन्तमा, यसप्रकार साधारण शब्दहरूमा प्रार्थना चढ़ाउँदै स्वर्गीय पितासित बात गर्नुहोस्:

# मुक्तिको निम्ति प्रार्थना

सर्वशक्तिमान् परमेश्वर, म पापी हुँ । मेरा पापहरू क्षमा गर्नुहोस् अनि त्यो महा संकटकाल र हराइएको अनन्ततादेखि मलाई बचाउनुहोस् भनी तपाईंकहाँ आग्रह गर्न आएको छु । यदि म विश्वासमा उहाँकहाँ बोलाइए भने मलाई मुक्ति दिने उहाँको प्रतिज्ञामा विश्वास गर्दछु, अभिषिक्त मुक्तिदातामा भरोसा राख्दछु ।

मेरा विद्रोह र अविश्वासको लागि म लज्जित छु, अनि मेरा अनेकौं पापहरूको लागि म दुःखित छु । अब म विश्वास गर्दछु, उहाँको पुत्र येशूआ (येशू) मेरा पापहरूको निम्ति क्रूसमा मर्नुभयो अनि मेरै निम्ति दण्ड भोग्नुभयो । म विश्वास गर्दछु, उहाँ मेरा जीवित मुक्तिदाता हुनलाई मृत्युदेखि बौरिउठ्नुभयो, यसकारण अब म उहाँलाई गम्भीरतापूर्वक आफ्नो व्यक्तिगत मालिकको रूपमा ग्रहण गर्दछु, अनि मेरो जीवनको सम्पूर्ण दिनहरूमा म उहाँलाई पछ्याउनेछु ।

येशूआ, हे येशू प्रभु ! तपाईं जान्नुहुन्छ मेरा हृदय र मेरा विचारहरू; ठीक यसै घड़ी आफ्नो शक्ति र पवित्रतामा मेरो जीवनभित्र आउनुहोस्, अनि मलाई तपाईंको साँचो चेला बनाउनुहोस् ।

मेरो मालिक, मुक्तिको निम्ति तपाईंलाई धन्यवाद ! हे पिता, तपाईंले मलाई साँचो बालक बनाउनुभएकोलागि धन्यवाद ! आमेन ! !

हस्ताक्षरः................................ मितिः..........................

यदि आज तपाईंले यो निर्णय गर्नुभयो भने निम्नलिखित ठेगानामा हामीलाई पत्राचार गर्नुहोस् । हामी तपाईंसित आनन्दित हुनेछौं, अनि तपाईंको आत्मिक वृद्धिको निम्ति प्रार्थना गर्नेछौं ।

MaRC NEPAL
GPO Box 8975 EPC 806
Kathmandu
email: marcnepal@yahoo.com


अथवा

# MaRC NEPAL का अन्य प्रकाशनहरू



यो २८ पृष्ठको सानो नेपाली सुसमाचार पुस्तिका (यो संसार के हुन लागिरहेछ ?)-मा संसारको वर्तमान अवस्था भविष्यमा हुनसक्ने संकटकाल, पृथ्वीमाथि चाँडै हुने न्याय र प्रभु येशू ख्रीष्टको आगमनबारे वर्णन गरिएको छ ।


यो पुस्तिका तिब्बती, राजबंशी, नेवारी, जोङ्खा, चेपाङ्ग र मैथिली भाषामा पनि उपलब्ध छ ।



यस ट्रिब्युलेशन पोस्टरले रचाप्चरपछिको सातवर्षीय संकटकालभरि पृथ्वीमाथि भईपरिआउने घटनाहरुलाई चित्रण गर्दछ ।



यस रचाप्चर पोस्टरले प्रभु येशूका दोस्रो आगमन हुँदा पृथ्वीमाथि घट्ने घटनाहरूलाई चित्रण गर्दछ ।



यो जोङ्खा पुस्तिकामा परमप्रभु परमेश्वरको नाम हिब्रू शब्दमा "यवे" भनी उल्लेख गरिएको छ ।



यो तिब्बती पुस्तकमा स्वर्गीय पिता यवे (परमेश्वर)-को वचनअनुसार कसरी ख्रीष्टिय जीवन बिताउनुपर्छ भन्ने सम्बन्धमा व्याख्या गरिएको छ।




यो पुस्तकले सत्यताको अटुट खोजीको साँचो समाधान प्रस्तुत गर्दछ ।




यो पुस्तकले मसीहसम्बन्धी बाइबलीय भविष्यवाणीहरू र तिनका पूर्णताको प्रमाण बाइबलबाट दिन्छ ।




यो पुस्तक नयाँ विश्वासीहरुका निम्ति हो । यसमा आठवटा बाइबलीय पाठहरु छन् ।

**कृपया यी पुस्तक र पोस्टरहरू खोजी-खोजी पढ्नुहोस् र आशिषित बन्नुहोस् !**

**MaRC NEPAL द्वारा निम्नलिखित पुस्तकहरु प्रकाशन भइरहेछ ! प्रार्थनासहित प्रतीक्षा गर्नुहोस् !**

प्रभु येशूको दोश्रो आगमनको चित्र
(Rapture Poster) नेपाली

सातवर्षीय महासंकटकालको चित्र
(Great Tribulation Poster) नेपाली

अनन्तता ! के तपाईं अनन्त यात्राको निम्ति तयार हुनुहुन्छ ?
(Eternity! Are You Ready For Your Ultimate Journey?) नेपाली

लम (The Way) जोङ्खा

ल्याम् (The Way) चेपाङ्ग

चु संसार तिक तपरी ल्हाग्ति ?
(What's The World Coming To?) तामाङ्ग

इ संसार का हुइ भिरल बा ?
(What's The World Coming To?) थारु

चु संसार तो तबरी हुइमो ?
(What's The World Coming To?) गुरुङ्ग

# यवे - यशूआ
## (YAHWEH-Y'SHUA)

हिब्रू बाइबलमा स्वर्गीय पिताको व्यक्तिगत नाम उल्लेख गरिएको छ । यो नाम ६८५५ चोटि यसप्रकार लेखिएको छ - יהוה, सर्वप्रथम यवेको नाम आदम र हव्वाकहाँ प्रकट भएको थियो । यो नाम अब्राहामद्वारा परिचित भयो, त्यसपछि जलिरहेको पोथ्रामा मोशाकहाँ प्रकट भएको थियो । "**यवे**" एउटा पवित्र नाम हो, तर परमेश्वरले कदापि भन्नुभएन, "मेरो नाम नलेऊ ।"

उहाँ भन्नुहुन्छ, "तैले आफ्नो परमेश्वर यवेको नाम व्यर्थमा नलिनू ।" (प्रस्थान २०:७)

यो नाम हिब्रू क्रियापद हया (hayah-to be, to live) र प्रस्थान ३:१४ को "**म हुँ**" भन्ने उपाधिसित सम्बन्धित छ । यवेको अर्थ "**शाश्वत**" हो । साधारणत: ईसाई धर्मावलम्बीहरूले यस नामलाई यहोवा अथवा जेहोवा उच्चारण गर्दछन्, तर अनुसन्धानले के फेला पारेका छन् भने यवे अझै सठीक उच्चारण हो । अधिकांश अंग्रेजी बाइबलहरूले यो नामको सट्टामा LORD (अंग्रेजीको चारवटा ठूलो अक्षरहरू)-लाई प्रयोग गर्दछन् ।

येशूको मूल हिब्रू नाम **यशूआ** - ישוע हो । **यशूआ**को अर्थ "**यवे नै मुक्ति**" हो । **मसीह**, अर्थात् ख्रीष्टको अर्थ "अभिषिक्त गरिएको व्यक्ति" हो ।

"तपाईंको नाम जान्नेहरूले तपाईंमा भरोसा राख्नेछन्; किनकि, हे यवे, तपाईंको खोजी गर्नेहरूलाई तपाईंले त्याग्नुभएको छैन ।" (भजनसंग्रह ९:१०)

# हेर, म चाँड़ै आउँछु !

## प्रभु येशू ख्रीष्ट



# शायद आज नै !

"किनकि प्रभु आफै चीत्कारसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीसित स्वर्गबाट ओर्लनुहुनेछ; अनि ख्रीष्टमा मरेकाहरू पहिले बौरेर उठ्नेछन् । त्यसपछि हामी (विश्वासीहरू) जो जीवित र रहिरहेकाहरू हावामा प्रभुलाई भेट्नका निम्ति उनीहरूसित एकसाथ बादलहरूमा **उठाइनेछौं**; अनि यसरी हामी सधैं प्रभुको साथमा रहनेछौं ।"

**पवित्र बाइबल**
(१ थेस्सलोनिकी ४:१६,१७)